# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ सङ्ख्या : २१ मिति : चैत्र ८, २०७५

## भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

उर्लाबारी नगरपालिका

# उर्लाबारी नगरपालिका

## शैक्षिक व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०७५

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।१२।०६

शैक्षिक व्यवस्थापन कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शैक्षिक व्यवस्थापन कार्यविधि, २०७५ को दफा १२२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगर कार्यपालिकाले देहायका संशोधन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "शैक्षिक व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शैक्षिक व्यवस्थापन कार्यविधि, २०७५ को दफा २० मा संशोधन :** उर्लाबारी नगरपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि, २०७५ यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २० को सट्टामा देहायको दफा २० राखिएको छ ।

"**२०. विद्यालय स्थानान्तरण सम्बन्धी व्यवस्थाः** नियमानुसार अनुमति प्राप्त गरी सञ्चालनमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्न माग भई आएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले स्थानान्तरण गर्न सकिने छ ।"

**प्रमाणिकरण मिति : २०७५/१२/०६**

**आज्ञाले,**
**शम्भुप्रसाद भट्टराई**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

उर्लाबारी नगरपालिका